**Spectrum of Humanities & Social Sciences**
Volume 1, Issue 1, April 2025
ISSN 3059-9849 (Print)
Published by Graduate School of Humanities and Social Sciences
Mid-West University, Birendranagar, Surkhet, Nepal
https://muodgshss.edu.np

***Peer Reviewed Article***

# नारीवादी मान्यताको कसौटीमा लुकेको वासना उपन्यास

**खोपीराम वली क्षेत्री**
शिक्षण सहायक
मध्यपश्चिम विश्वविद्यालय, नेपाल
olikr3883@gmail.com

**Article History**
*Received: 6 Jan 2025; Reviewed: 20 Feb 2025; Revised: 5 March 2025; Accepted: 5 April 2025; Published: 21 April 2025*

## सारसङ्क्षेप

*प्रस्तुत अनुसन्धानात्मक लेख उपन्यासकार अन्जु न्यौपानेद्वारा रचिएको लुकेको वासना उपन्यासमा नारीवादको प्रयोग के कस्तो छ भन्ने मूल समस्यामा केन्द्रित छ । लुकेको वासना उपन्यासमा नारीवादको प्रयोग पहिचान गर्नु यस अनुसन्धानको मूल उद्देश्य रहेको छ । यस लेखमा उपन्यासमा प्रयुक्त कथानकको सङ्क्षिप्त रूपमा उल्लेख गर्दै मूल कथ्यलाई विश्लेषण गरिएको छ । सामग्री सङ्कलनका रूपमा पुस्तकालयीय कार्यबाट प्राथमिक स्रोतका रूपमा विवेच्य कृति लुकेको वासना र द्वितीय स्रोतका रूपमा उपन्याससम्बन्धी व्यक्त गरिएका विद्वानहरूको पुस्तक र नारीवादी चिन्तन व्यक्त पुस्तकहरू उपयोग गरिएको छ । सैद्धान्तिक पर्याधारका रूपमा नारीको आफ्नै सत्व, सत्ता र भाषा हुन्छ भन्ने नारीवादसम्बन्धी व्यक्त सैद्धान्तिक विचारलाई आधार बनाइएको छ । पूर्वकार्यको समीक्षामा नारीवादसम्बन्धी व्यक्त विचारलाई सैद्धान्तिक आधार बनाउने उद्देश्यले ती विचार र लुकेको वासनाका सम्बन्धमा भए गरेका समीक्षा आदिलाई उपयोग गरिएको छ । अनुसन्धान विधिका रूपमा पहिले उपन्यासमा साक्ष्य अंशहरूलाई उल्लेख गरी नारीवादी मान्यताका रूपमा उक्त साक्ष्यको विश्लेषण गरिएकाले आगमनात्मक अनुसन्धानविधि अँगालिएको छ । पाठकेन्द्री र सैद्धान्तिक अध्ययन भएकाले गुणात्मक ढाँचा अपनाएर साक्ष्यको रूपमा पुष्टि गर्न विवेच्य उपन्यासबाट वाक्यांश उद्धृत गरिएको छ । लुकेको वासना उपन्यासलाई गहन अध्ययन गरी उक्त उपन्यासलाई उपन्यासको तत्त्वका आधारमा नभएर उपन्यासमा नारीवादी मान्यता कस्तो रूपमा उल्लेख गरिएको छ ? मूल कथ्य वा मूल उद्देश्यमा नारीवाद कसरी मुखरित भएको छ भन्ने विषय मात्र अध्ययन विश्लेषण गर्ने गरी सीमाङ्कन गरिएको छ । नारीवादी मान्यतालाई सिद्धान्तको रूपमा आधार मान्दै उपन्यासमा प्रयुक्त भाषा, प्रतीक र मूल कथ्यको विश्लेषण गरी नारीवादी चिन्तनको प्रचुर प्रयोग भएको छ भन्ने कुरा निष्कर्ष निकालिएको छ । प्रस्तुत उपन्यासमा लेखकले नयाँ चिन्तन प्रस्तुत गरेकी छिन् । विवाह गर्नु पुरुषको दास बन्नु हो, पुरुष बहुमहिलासँग सम्बन्ध राख्दा हुन्छ भने महिलालाई पनि आफ्नो इच्छानुसार त्यो छुट हुनुपर्दछ । मन लागे विवाह नगरी बच्चा जन्माउन पाउनु पर्ने र यसका लागि विद्रोह गर्न आह्वान गरिएकाले यस उपन्यासमा नारीवादी चिन्तनको नयाँ प्रयोग गरिएको छ भन्ने निष्कर्ष निकालिएको छ । नारीको सत्ता, स्वत्व र भाषासमेत छुट्टै हुनु पर्दछ तर यसमा पितृसत्ताले अवरोध गरेकाले विद्रोह नै गर्नु पर्दछ भनेर विद्रोहको नयाँ तरिका अपनाएको नवीन तथ्य यस अनुसन्धानबाट प्राप्त गरेकाले यस अनुसन्धानको योगदान रहेको निष्कर्ष निकालिएको छ ।*

## शब्द कुञ्जिका

*मनोविश्लेषण, विद्रोहचेत, उपन्यास सिद्धान्त, नारीवाद, नारी सत्ता*

**Copyright Information**: *Copyright 2025© The author/s of each article. However, the publisher may reuse the published articles with prior permission of the authors. This journal is licensed under a Creative Commons Attribution 4.0 International (CC BY 4.0) License.*

## परिचय

अन्जु न्यौपाने कोहलपुर, बाँकेलाई कर्मथलो बनाएर साहित्य लेखनमा अनवरत कलम चलाएकी नारी हस्ताक्षर हुन् । साहित्यका विविध विधामा कलम चलाएकी अन्जु न्यौपानेका मोड र लुकेको वासना गरी दुई उपन्यास प्रकाशित छन् । पेसाले नर्स पेसामा लागेकी न्यौपाने थुप्रै परोपकारी संस्थामा पनि आबद्ध छिन् । यस लेखमा उनको जीवनीभन्दा पनि उनीद्वारा रचित उपन्यास लुकेको वासनालाई नारीवादी दृष्टिकोणले विश्लेषण गरी उक्त उपन्यासमा नारीवादको प्रयोग कसरी गरिएको छ भन्ने मूल समस्यामा केन्द्रित रहेर यो अनुसन्धानात्मक लेख तयार गरिएको छ । लुकेको वासनामा नारीवादको नवीन प्रयोग कसरी गरिएको छ भनेर पहिचान गरी विश्लेषण गर्नु यस अनुसन्धानात्मक लेखको उद्देश्य रहेको छ । विशिष्ट यादृच्छिक नमुना छनोट विधिबाट उनका अन्य उपन्यासमध्ये लुकेको वासना उपन्यासलाई छनोटगरी त्यसमा पनि उक्त उपन्यासलाई उपन्यास तत्त्वलगायत अन्य दृष्टिकोणले नभएर केवल नारीवादी दृष्टिकोणले मात्र अध्ययन गरिएको छ । प्राथमिक स्रोतका रूपमा लुकेको वासनालाई पुस्तकालयीय विधिबाट सामग्रीका रूपमा सङ्कलन गर्दै नारीवादी सिद्धान्तसम्बन्धी धारणा उल्लेख गरिएका पुस्तकहरूलाई द्वितीय स्रोतका रूपमा उपयोग गर्दै लुकेको वासनामा व्यक्त भाव, प्रयुक्त पात्र र शब्द प्रयोगका आधारमा गुणात्मक ढाँचा अपनाएर विश्लेषणात्मक अनुसन्धानात्मक विधिअनुसार लुकेको वासनामा नारीवादी सिद्धान्तको नवीन प्रयोग रहेको विषयलाई निष्कर्षका रूपमा निकालिएको छ । नेपाली साहित्यको इतिहासमा पारिजात, शारदा शर्माजस्ता नारीवादी लेखकहरूले कलम चलाएको सन्दर्भमा पछिल्लो समयमा नारीवादलाई दरिलोसाथ उपन्यासमा उठान गर्ने नारीहस्ताक्षर अन्जु न्यौपानेको उपन्यास लुकेको वासनामा नारीवादको उठान केकस्तो छ भनेर बुझ्न र मोफसलमा बसेर कलम चलाउने नारीहस्ताक्षर पनि सशक्त नारीवादी साहित्य लेख्न सक्दा रहेछन् भनेर बुझ्न साहित्यकार एवम् अनुसन्धातालाई सामग्रीको रूपमा उपयोग हुने भएकाले यस लेखको उपयोगिता वा औचित्य स्वत: स्पष्ट हुन्छ । यस अनुसन्धानबाट पितृसत्ताको थिचोमिचोका कारण नारी पछाडि परेको र त्यसमा पनि विकसित राष्ट्रभन्दा पनि नेपाल अझ पछाडि रहेकाले यसमा बौद्धिक विद्रोह गर्नु न्पर्दछ भन्ने नवीन विद्रोहको उपायसमेत उल्लेख गरिएको तथ्य पत्ता लागेका कारण यो अनुसन्धान अझ उपयोगी हुने देखिन्छ ।

## साहित्य समीक्षा

नारीवादी साहित्य के हो ? साहित्यको उठान कहिलेदेखि भयो ? भन्ने विषयमा विभिन्न मान्यताहरू रहेका छन् । यसै गरी अन्जु न्यौपाने रचित लुकेको वासना उपन्यासको समीक्षा पनि धेरथोर भएको पाइन्छ । यहाँ नारीवादी समालोचनाका बारेमा भएका चिन्तनहरूलाई सैद्धान्तिक पर्याधारको रूपमा प्रयोग गरिएकाले थुप्रै चिन्तन भए पनि केही मान्यतालाई मात्र पूर्वकार्यको समीक्षाको रूपमा उल्लेख गरिको छ । नारीवाद अङ्ग्रेजी feminist को नेपाली रूपान्तरण हो । पाश्चात्य समालोचनाको क्षेत्रमा नारीवादी चिन्तन परम्परा १९६० को दशक पछि भएको हो । मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइँटेलले (२०६७) पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्त (पृ. ३७२) मा पाश्चात्य विद्वान\हरूको मतलाई यसरी उल्लेख गरेका छन् :

> अरस्तुले नारीमा केही गुणको कमी भएकै कारण नारी, नारी भएको हो भन्ने मान्यता अगाडि सारेको पाइन्छ भने सेन्ट टमस एक्विनासले पनि नारीलाई अपूर्ण मानिस भनेर चित्रण गरेका छन् । पाश्चात्य जगतमा नारी मुक्तिको लामो परम्परा चलेको छ । भर्जिनिया उल्फको A Room of Ons's Own (१९२९) पुस्तक नारीवादी आन्दोलनको सशक्त दस्तावेज हो । सिमान ड बुभाको The Second Sex लाई नारीवादी आन्दोलनको युगान्तकारी कृति मानिन्छ । नारीवादी साहित्यका लागि पाश्चात्य क्षेत्रमा थुप्रै कलम चलेका छन् ।
>
> नेत्र एटमले नारीवादी साहित्यको मान्यताबारे आफ्नो समालोचनात्मक स्वरूप नामक पुस्तकमा यसरी उल्लेख गरेका छन् :
>
> > नारीवादी समालोचनाले नारीमुक्ति र समानताको अटुट् पक्षधरताको वकालत गर्दछ । समाजमा युगौंदेखि दबिएर रहेका शोषित, प्रताडित नारीलाई पुरुषसरह स्थान दिनु पर्दछ । नारीहरूको छुट्टै भाषा ecriture feminine को अवधारणा अगाडि सार्दै लैङ्गिक समानता, नारी समता र स्वतन्त्रताको वकालत गर्दछ । सामाजिक, नैतिक,राजनीतिक,कोणबाट नारीको स्थान पुरुष बराबर सम्मानपूर्वक हुनुपर्दछ भन्ने मान्यता नै नारीवादी साहित्यिक मान्यता हो (एटम, २०६१, पृ. २३६ ) ।

सोवाल्टरले A Literature of Their own; British women novelists from Bronte to Lessing (सन् 1977) नामक पुस्तकमा नारीवादी चिन्तन वा समालोचनाको विकास निम्नानुसार भएको कुरा खगेन्द्रप्रसाद लुइँटेल र मोहनराज शर्माले (२०६७) पूर्वीय तथा पाश्चात्य साहित्य सिद्धान्तमा ( पृ.३७५) व्यक्त गरेका छन् ।

> उनका अनुसार नारीजातीय (feminine), नारीवादी (feminist), र नारी (famale) चरण गरी विकास भएको र जसअनुसार पहिलो चरणमा नारी लेखकहरूले पुरुषकै अनुसरण गरेर साहित्य लेखेका, दोस्रो चरणमा पितृसत्ताको विरोध गरेर साहित्य लेखेका र तेस्रो चरणमा स्वायत्त नारीसत्ताको वकालत गर्दै यौनको निर्धक्क खुला अभिव्यक्ति गरेका छन् । यस पूर्वकार्य वा धारणाबाट अन्जु

> न्यौपानेको लुकेको वासना नामक उपन्यासमा नारीजातीय, नारीवादी वा नारी चरणमध्ये कुन चरणको अनुसरण गरिएको छ भनेर मूल्याङ्कन गर्न सकिने हुँदा यहाँ उल्लेख गरिएको छ ।

नारीवादी मान्यताका बारेमा मोहनराज शर्माले यसरी चिन्तन अगाडि सारेका छन् :

> नारीहरू पुरुषभन्दा शारीरिक (पुरुष सक्षम नारी असक्षम ),अनुभूतिगत ( नारीले रजस्वला, गर्भवती गर्नु पर्ने तर पुरुषले गर्नु नपर्ने ), भाषागत (कतिपय शब्द नारीले बोल्न मिल्दैन भन्ने चलन), मनोविश्लेशानात्मक ( नारीमा शिश्ना ईर्ष्या हुन्छ भन्ने ), सामाजिक र आर्थिक स्थिति पुरुष नियन्त्रित हुन्छ भन्नेजस्ता यी ५ कुराको विरोध नै नारीवाद हो (शर्मा, २०६७,पृ.३७३) ।

यी विषयको विरोध लुकेको वासना उपन्यासमा उठाइएको छ कि छैन भन्ने विषयबारे अध्ययन गर्न यो भनाइ सान्दर्भिक रहेकाले यस अनुसन्धनात्मक लेखमा यस पूर्वकार्यलाई राखिएको छ ।

खोपीराम वलीले अन्जु न्यौपानेको लुकेको वासनामा नारी विद्रोह भन्ने समालोचनात्मक लेखमा यसरी उल्लेख गरेका छन् ।

> अन्जु न्यौपाने एक सशक्त नारीवादी लेखक हुन् । उनले आफ्नो मोड उपन्यासबाट थालेको नारी स्वतन्त्रताको वकालत लुकेको वासनामा आएर पूर्णरूपमा सफल अवतरण गराएकी छिन् । यद्यपि लुकेको वासना कृतिमा प्रयुक्त पात्रहरूले पुरुषसत्ताको जसरी विद्रो गर्नुपर्ने हो त्यसरी नभएकाले यसमा प्रयुक्त पात्रले पितृसत्ताको विरुद्धमा अपूर्ण विद्रोह गरेका छन् (वली,२०८१,पृ,६७) ।

सनत रेग्मीले लुकेको वासनामा नारी चेत नामक लेखमा यसरी उल्लेख गरेका छन् '' लुकेको वासना नारीवादी साहित्य लेखनका हिसाबले सशक्त छ । पारिजातले नारी स्वतन्त्रताको कुरा,शारदा शर्माले नारी समानताको कुरा बेजोड उठाएको भए पनि लुकेको वासनाजस्तो विद्रोही पात्र खडा गरेर नेपाली उपन्यासमा कुनै र कसैले उठाएका छैनन् यसर्थ लुकेको वासना नारीवादी दृष्टिकोणले सशक्त छ'' ( रेग्मी,२०८१,पृ.६८) ।

अन्जु न्यौपाने रचित लुकेको वासना उपन्यासलाई नारीवादी दृष्टिले चर्चा परिचर्चा यस अगाडि खासै भएका छैनन् यसर्थ यस उपन्यासमा नारी स्वतन्त्रता, नारी मुक्ति, नारी समानता, लैङ्गिक विभेदको अन्त्यजस्ता विषयमा केकस्ता आवाज उठेका छन् भनेर नारीवादी चिन्तनका दृष्टिले यस उपन्यासको मूल्याङ्कन गर्नु यस अनुसन्धान कार्यको अनुसन्धान अन्तराल भएकाले यस अन्तरालको परिपूर्तिका उद्देश्यले गरिएको यस अनुसन्धनात्मक लेखका लागि माथिका पूर्वाकार्यहरू सान्दर्भिक र उपयोगी छन् ।

## अध्ययन पद्धति/विधि

प्रस्तुत लेखमा अन्जु न्यौपानेका दुई कृतिमध्ये प्रथम कृति मोडभन्दा दोस्रो कृति 'लुकेको वासना' बढी वैचारिक निखारता र पठनीय छ भन्ने पूर्वकार्य समीक्षाको आधार र विशिस्ट यादृच्छिक नमुना छनोट विधिबाट लुकेको वासनालाई नमुनाको रूपमा छनोट गरी गुणात्मक ढाँचा अपनाएर विश्लेषण गरी उपन्यासमा प्रयुक्त नारीवादी चिन्तन कस्तो रूपमा प्रयोग भएको छ भन्ने कुराको निष्कर्ष निकालिएको छ । नारीवादी सिद्धान्तको आधारमा लुकेको वासनाको मूल्याङ्कन गरिएकाले निगमनात्मक विधि अपनाए पनि विश्लेषण गर्दा लुकेको वासनामा व्यक्त नारीवादी चिन्तनयुक्त वाक्यांशलाई साक्ष्यका रूपमा पहिले उदाहरण दिएर पछि पुष्टि गरिएकाले आगमनात्मक विधिबाट सामग्रीको विश्लेषण गरिएको छ । नारीवादी चिन्तन प्रस्तुत गरिएका पुस्तकहरूलाई पुस्तकालयीय विधिबाट द्वितीय सामग्रीका रूपमा र लुकेको वासना उपन्यासलाई प्राथमिक स्रोतको रूपमा सङ्कलन गरी विश्लेषण गरिएको छ । यसर्थ यस अनुसन्धानात्मक लेखमा उपन्यासकार अन्जु न्यौपानेको छवटा कविता, एक निवन्ध सङ्ग्रह र दुई उपन्यासमध्ये लुकेको वासनालाई विशिष्ट यादृच्छिक नमुना छनोटको आधारमा नमुना छनोट गरी अध्ययन प्रकृतिको आधारमा वर्णनात्मक, तथ्याङ्कका आधारमा गुणात्मक, तर्कपद्धतिका आधारमा आगमनात्मक,विश्लेषणका आधारमा आगमनात्मक विधि र सामग्री सङ्कलनका आधारमा पुस्तकालयीय कार्य अवलम्बन गरी अनुसन्धान गरिएको छ ।

## विश्लेषण र परिणाम

लुकेको वासना न्यौपानेको दुई उपन्यासमध्ये पछिल्लो उपन्यास हो । यस उपन्यासमा नारी स्वतन्त्रता, पितृसत्ताका कारण नेपाली महिलाहरूले भोग्नु परेको पीडा र त्यसको विरुद्धमा आवाज बुलन्द गर्नु पर्ने कुरालाई उठाएको छ । यस उपन्यासकी प्रमुख पात्र रजनी हुन् । उपन्यासकारले रजनीको माध्यमबाट परम्परागत धार्मिक चिन्तन, सामाजिक चिन्तन, मूल्यमान्यता, पितृसत्ताप्रतिको विद्रोह भाव व्यक्त गरेकी छन् । मूल पात्र रजनी, सहायक पात्र माया, रम्बिका र अन्जलीका माध्यमबाट नारीसम्बन्धी परम्परागत मूल्यमान्यताप्रति विद्रोह ओकलेकी छन् । परम्परागत मान्यताको मुखपात्र रजनीका बुवाआमा, मायाका बुवाआमा, रजनीका गाउँका मान्छेहरू, मायाका पति, सासूससुरा आदिका माध्यमबाट पुराना मूल्यमान्यता ओकलेकी छिन् । यस उपन्यासमा परम्परावादी धार्मिक मूल्यमान्यतालाई पृथक ढङ्गले उठान गरिएको छ । समाजमा व्याप्त धर्म र पापसम्बन्धी रहेका मान्यतालाई नयाँ ढङ्गले उठान गरिएको छ। 'यदि महिलाहरूलाई एकभन्दा बढी पुरुषसँग सम्बन्ध बढाउँदा पाप लाग्छ भने पुरुषलाई पनि पाप लाग्नु पर्छ । उनीहरूको कामलाई किन पाप मानिएन'' (न्यौपाने,२०७८ पृ.३७०) । पुरुषले जतिसँग पनि विवाह वा सम्बन्ध राख्दा पाप नहुने तर महिलाले एक भन्दा अन्य पुरुषसँग सम्बन्ध राख्दा पाप मानिने धर्म र पापसम्बन्धी मान्यता गलत हो ।

समाजमा मुखिया र धनीहरू जति धेरै विवाह गर्यो त्यति मर्द हुने ? राजाहरूसँग कैयौँ रानी हुँदा उनीहरूलाई पाप नलाग्ने भन्ने कहि कतै धार्मिक मान्यता नभेटिने तर एउटी नारीले बहुपुरुषसँग सम्बन्ध राख्दा कसरी पाप हुने भयो ? पाप र धर्म भन्ने कुरा नारीको सन्दर्भमा अलग र पुरुषको सन्दर्भमा कसरी अलग हुन्छ ? यी सबै कुरा पुरुषवादी सोंच हो । 'त्यसैले महिला पनि जोसँग मन परुन्जेल बस्ने हो; मन पर्न छाडेपछि एक्लै बस्न मन लागे बस्ने, नभए अर्को जोडी खोज्ने । यसमा के आपत्ति ? धर्मको नाम दिएर पीडित भएर बस्नुको के औचित्य ? धर्मले त सुख दिनुपर्छ, दु:ख होइन । यदि दु:ख दिन्छ भने त्यस्ता धर्मलाई लात मारिदिए फरक पर्दैन' (न्यौपाने,२०७८ पृ.३८०) । नेपाली समाजमा पाप के हो र ? धर्म के हो ? भन्ने विषयमा जुन चिन्तन छ यसबारेमा लुकेको वासनामा पाप र धर्म भन्ने विषय नै नहुने र यदि हुन्छ नै भने पनि पुरुष र महिलालाई समान हुनुपर्छ । यदि धर्मले दु:ख दिन्छ भने त्यसलाई किन धर्म भन्नु ? धर्म भनेर आफू पीडित भएर पुरुषसँग दबिएर बस्नु भन्दा एक्लै वा अरूसँग बस्नु ठिक भन्दै यस उपन्यासमा नारी स्वतन्त्रताको वकालत गरिएको छ । परम्परादेखि चल्दै आएको धर्मसम्बन्धी मान्यता नै गलत छ भन्दै यस उपन्यासमा तर्कगत सन्दर्भसमेत उल्लेख गरिएको छ । यस चिन्तनमा केट मिलेटले आफ्नो पुस्तक Sexual politics (१९६९) मा सामाजिक शक्ति संरचनाका कारण पुरुषले नारीको दोहन गरी आधिपत्यता जमाएको छ र पितृसत्ता नै नारी दमनको मूल कारण हो भन्ने नारीवादी मान्यताको वकालत गरेको पाइन्छ ।

यस उपन्यासमा विबाह गरेकै भरमा पुरुषको दासत्त्व स्वीकार्नु परेको हो । प्राचीन समयमा विवाह नगरेर पनि बच्चा जन्माएका थिए भने अहिले आधुनिक भन्ने समाजमा किन यसलाई नस्वीकार्ने त ? यस विषयमा प्रस्तुत उपन्यासमा उपन्यासकारले यसरी उठान गरेकी छिन् 'विवाह नहुदै वा नगरेर बच्चा जन्माउनु पाप हो भने हामीले पढ्ने गरेका मेनका, कुन्तीका कुरा के हुन् त ? भन्ने कुरा उदाहरणसहित पुष्टि गरिएको छ । मत्स्यागन्धाले त बिहे नै नगरी पुरुषसँग सम्बन्ध गाँसेर वेदव्यास जन्माएकी रहिछन् । कुन्तीले पनि पाण्डुसँग बिहे हुनुभन्दा पहिल्यै कर्णलाई जन्म दिएकी रहिछन् । बिहेपछि पनि पाँच पाण्डवमध्ये तीन पाण्डुका नभएर अरूकै छोरा रहेछन्' (न्यौपाने, २०७८, पृ.५६०) । खास गरी महिलाले त्यही कार्य गर्दा पाप हुने तर पुरुषले त्यही काम गर्दा पाप नहुने विषयलाई विद्रोहात्मक रूपमा उल्लेख गरिएको छ । कुन्ती, मेनका, मत्स्यागन्धाको उदाहरण दिएर उनीहरूभन्दा पछि नै महिलालाई तल राखेर पाप र धर्मसम्बन्धी बनाइएको मूल्यमान्यता हो जुन गलत छ भन्ने भाव प्रस्तुत उपन्यासमा सशक्त रूपमा उठाइएको छ । यस भनाइले मिसेल बारेटको नारीको उत्थानका लागि केवल आर्थिक, शिक्षापद्धति मात्र नभएर यौन तथा शारीरिक पुनरुत्पादनको माध्यमबाट पनि अगाडि बढ्नु पर्दछ भन्ने मार्क्सेली विश्लेषण यस चिन्तनमा पाइने हुँदा यस उपन्यास नारीवादी चिन्तन प्रस्तुत गरेको उपन्यास हो ।

यसरी प्रस्तुत उपन्यासमा नेपाली समाज र नेपाली समाजमा व्याप्त पुरुषवादी चिन्तनको सामाजिक मान्यताको पनि उल्लेख गरिएको छ । विकसित राष्ट्रमा समाजमा कसले के गर्यो भन्ने खासै चासोको विषय नहुने, विवाह नगरेर सँगै बस्नु, बिहे नगरी बच्चा जन्माउनु सामान्य कुरा हुन् । अस्ट्रेलियामा यी विषय सामान्य छन् र त विकास भएको छ । विवाह हुनु नहुनु व्यक्ति स्वतन्त्रताको विषय हो । तर नेपालमा विवाह भएन भने वा विवाह नगर्दै बच्चा जन्मायो भने नेपाली समाजमा सबैले कुरा काटेर बस्न नै नसकिने वातावरण सिर्जना हुने कुरा उल्लेख गरिएको छ । यसर्थ विवाह नगरी बस्नु वा बच्चा जन्माउनु सामान्य कुरा हुन् । यस उपन्यासमा विकसित समाजमा यी सबै सामान्य भएर नै विकास भएको हो भन्ने मान्यता अगाडि सारिएको छ । देश मानसिक, सामाजिक, राजनीतिक, वैचारिक र धार्मिक मूल्यमान्यता एवम् लैङ्गिक विवेधपूर्ण व्यावहारले पछाडि परेको हो र यी विषयले जबसम्म विकसित रूप लिदैन तबसम्म नेपाल विकसित हुँदैन भन्ने मान्यता अगाडि सारिएको छ । सामाजिक मूल्य र मान्यताप्रति विद्रोह गरिएको छ । न्यौपानेका अनुसार समाजमा विद्रोह गर्ने केही मान्छे नजन्मेका भए अहिलेसम्म मान्छेहरू सूर्यले पृथ्वीलाई परिक्रमा गर्छ भनेर बस्ने थिए । हामी यति चेतनशील अवस्थामा आउने नै थिएनौँ । ढुङ्गेयुगमा नै हुने थियौँ । जङलमा शिकार गरिरहेका हुने थियौँ (न्यौपाने,२०७८ पृ.३१०) । प्रस्तुत उपन्यासमा समाजमा रहेका विभिन्न रूढ र अवैज्ञानिक मान्यताप्रति विद्रोह गर्दै सामाजिक, धार्मिक मूल्य र मान्यताले महिलालाई मुक्ति दिएको छैन । यसर्थ यी चिन्तनका विरुद्धमा बुलन्द आवाज उठाउन आह्वान गरिएको छ । यस चिन्तनमा एलिजाबेथ रबिन्स र ओलिभर स्किनरको नारीवादी चिन्तन पुरुषवादी चिन्तनको विरोध नगरेसम्म नारी लेखकहरू दबिरहने र यसका विरुद्धमा नारीवादी लेखकहरूले उपन्यासमा नारी पात्रले विद्रोह गरेको देखाउनु पर्ने नारीवादी चिन्तनलाई अनुसरण गरेकाले यस साक्ष्यले पनि नारीवादी चिन्तनको प्रयोग यस उपन्यासमा भएको छ भन्ने कुराको पुष्टि गर्दछ ।

लुकेको वासना एउटा यस्तो मौलिक र भिन्न खालको विषयवस्तुको उठान गरिएको उपन्यास हो जुन नेपाली समाज, मूल्यमान्यता, धार्मिक विश्वास, पितृसत्तात्मक चिम्तनप्रति विद्रोहको आगो ओकल्ने चेष्टा गरिएको छ । वर्तमान राजनीतिक अवस्थाले नेपाल गरिब भएको हो । यसर्थ गलत राजनीतिक सोँच र प्रवृत्तिबाट माथि उठे नेपाल स्वर्गझैँ भएको र विकास हुने कुरा व्यक्त गरिएको छ । रजनी मुखपात्रको रूपमा रहेको यस उपन्यासको परिवेश नेपाल मात्र नभएर विदेश वा अस्ट्रेलिया पनि रहेको छ । अस्ट्रेलियाको विकास साच्चिकै महिलालाई हेर्ने सोँच,मूल्य र मान्यतामा पनि फराकिलो भएर नै विकसित भएको हो । नेपाल अविकसित हुनुको कारण यहाँको महिलासम्बन्धी सोँच नै सानो भएर हो । विदेश पठाउन पाए भाइ र दिदीको कानुनी विवाह गरेर पठाउनसमेत पछि नपर्ने नेपाली समाजले अलिक भिन्न र अग्रगामी सोँच राखे कुरा काटेर बसी नसक्ने गराउने चलनकै कारण पछाडि परेको कुरा उल्लेख गरिएको छ । लुकेको वासना एउटा यस्तो अनौठो उपन्यास हो जसको विषयवस्तु

स्थुलमा यौन देखिए पनि सूक्ष्मरूपमा बहुआयामिक विद्रोहको स्वर ओकलेको उपन्यास हो । नेपाली समाज, धर्मकर्म, मूल्यमान्यता, परम्परा र राजनीतिक यथास्थितिको वर्तमान मान्यताप्रति व्यङ्ग्य र विद्रोहको आवाज उठाइएको उपन्यास हो । रजनी एक वर्तमान समयकी प्रतिनिधि वा वर्गीय पात्र हो । नेपाली समाजमा सानै उमेरमा विवाह गरिदिने चलन, आफ्नो इच्छाले नभएर बाबुआमाको इच्छाले विवाह गर्ने चलन, महिलालाई भोग्याको रूपमा मात्र हेर्ने चलन, महिलाले चाहे केही नहुने तर पुरुषले चाहे सबै हुनेजस्ता नेपाली मान्यताकै कारण नेपाल गरिब भएको हो भन्ने मान्यता राख्ने रजनीका माध्यमबाट उपन्यासकारले यी मान्यताप्रति विदोहको आवाज उठाएकी छिन् । 'यदि कुनै महिलाले विवाह नगरी एक्लै बस्न चाहेमा बस्न नपाउने ? यदि कुनै सक्षम महिलाले विवाह नगरी बच्चा जन्माउन र पुरुषबिना नै बच्चा हुर्काउन सक्छु भन्ने मान्छे भने त्यसलाई किन नस्वीकार्ने ?' (न्यौपाने, २०७८ पृ.३७०) । महिलाले विवाह गर्दैन भन्न पाउनुपर्छ । 'विवाह भनेको पुरुषको दास बन्नु हो । माया गर्नेसँग विवाह नगरी सँगै बस्न, बच्चा जन्माउन सक्षम महिलाले नपाउने भन्ने हुन्छ?बिहे भनेको समाज र कानुनले छुट दिएको वेस्यावृत्ति हो' ( न्यौपाने,२०७८ पृ.७९०) । रजनीका माध्यमबाट उपन्यासकारले विवाहप्रति नयाँ र प्रगतिशील विचार प्रस्तुत गर्दै नारीवादी मान्यताको उठान गरेकी छन् । यस साक्ष्यका आधारमा के कुरा पुष्टि हुन्छ भने सोवाल्टर (१९७७) को गाइनोवादी समालोचनामा नारीको छुट्टै भाषा, शैली र संरचना हुन्छ । उत्प्रेणा, रूप र सट्टा नै अलग हुन्छ र हुनु पर्दछ भन्ने मान्यतालाई खरो रूपमा उतारेको पाइन्छ । रम्बिकाजस्ती मानसिक रोगी बन्न विवश, मायाजस्ती भर्खर फुलेकी फूल फक्रन नपाउँदै सामाजिक संस्कार र पृत्तिसत्ताको सिकार हुन पुगेकी, अन्जलीजस्ती आफ्नो इच्छानुसार मनको वासना तृप्त गर्दा सामाजिक सिकार हुनु परेको घटनाको विरुद्ध रजनीको क्रान्तिकारी विचार र नेपाली समाज भन्दा भिन्न सोँच राखेर उनीहरूको सहयोग गर्नु एउटा पुरुषवादी सोँचप्रति विद्रोह नै हो । यस उपन्यासमा माया, अन्जली, रम्बिका, सरोजजस्ता पात्रबाट नयाँ विचार र विद्रोह जागृत गर्ने गराउने चेष्टा गरिएको छ । यस उपन्यासकी मूल पात्र रजनी अस्ट्रेलियाबाट नेपाल आएर नेपाली समाजमा महिलाप्रति रहेको सामाजिक, धार्मिक, राजनीतिक, परम्परागत मान्यताको विरुद्धमा लडेको घटना नै यस उपन्यासको मूल कथ्य रहेको र यसै मूल कथ्यमा उपन्यासको विषय अगाडि बढेको छ । यसर्थ यो उपन्यास नारीवादी मूल्य र मान्यताले भरिपूर्ण उपन्यास हो भन्न सहजै सकिन्छ ।

अर्को पाटो मायाले जुन विद्रोह गरेर घरको थिचोमिचो सहेर माइत बसेकी थिई त्यो बेला माइत बसेर पढेर सङ्घर्ष गरेर विद्रोह गरेको देखाएको भए विद्रोहले अझ सार्थकता प्राप्त गर्ने थियो । यद्यपि अन्त्यमा आफ्नो पतिको थिचोमिचोप्रति विद्रोह गरेर मास्टरसँग विवाह गरेको देखाए पनि आखिर पुरुषकै सहयोग र भरोसाले मायाले अन्त्यमा अलिक सुख पाएको देखाएकाले उपन्यासकी मुख पात्र रजनीकानुसार विवाह गर्नै पर्ने, पुरुषबिना पनि महिलाले सजिलै जीवन धान्न सक्ने, विवाह भनेको पुरुषको दास बन्नु, आफ्नो स्वतन्त्रता हरण गर्नु हो भन्ने विचारमा ठेस पुगी मूल कथ्यमाथि नै असहजता महसुस हुँदा विद्रोह भाव अपूरो भएको आभास भए पनि मायाले आफूभन्दा दोब्बर जेठो केटोसँग बुवा आमाले गरिदिएको विवाहप्रति विद्रोह गरेर मास्टरसँग गरेको विवाह एउटा पुरुषवादी सोचप्रति गरेको विद्रोह नै हो । खासमा रजनी उपन्यासको मुख्य पात्र वा नायिका तथा मुख पात्र भएकाले रजनीको जुन विचार छ त्यो विद्रोही र क्रान्तिकारी छ । विवाह भनेको पुरुषको दास बन्नु हो, पुरुषबिना पनि एक्लै बाच्न सकिन्छ । नेपाली समाजले धर्म र पापको डर देखाएर महिलालाई असहाय बनाएको छ । यसर्थ यसका विरुद्धमा आवाज उठाउनु पर्छ । अस्ट्रेलियाजस्तो देश विकास भएको यी र यस खालको चिन्तन भिन्न व्यक्ति स्वतन्त्रता भएर हो भन्ने विचार रजनीको रहेको छ । यसर्थ घरबाट विवाह गर्न दबाब दिएर पनि पाँचवटा ब्वायफ्रेन्डसँग इच्छानुसार सम्बन्ध राख्ने परम्पराभिन्न विद्रोही विचार राखेर त्यसै विचारमा अडिग रहेकी र नेपाल आएर अरूले कुरा काटे पनि माया, रम्बिका, अन्जलीजस्ता पात्रलाई सहयोग गर्ने गरेको देखाएको छ । जुन आफैमा क्रान्तिकारी र महिला स्वतन्त्रताको गतिलो उदाहरण नै हो । तर पनि रजनी अन्तिम समयमा आएर माया, अन्जलीलाई पनि आफ्नो इच्छानुसार गर म केही भन्दिन भनेर जुन निराश भाव व्यक्त गरेकी छिन् त्यो आफैमा विद्रोह भित्रको अपूर्ण र हारेको मानसिकता हो भनेर विश्लेषण गरेको पनि देखिन्छ । यद्यपि रजनी हरेक कोणबाट एक्लै परे पनि र पितृसत्ताले कतिसम्म महिलालाई पीडित बनाउछ र आफ्नो सट्टा लाद्न खोज्छ भन्ने देखाएको छ । त्योभन्दा अगाडि बढेर भन्नुपर्दा नेपाल आएर नेपाली परम्परावादी मूल्यमान्यताका विरुद्धमा आवाज उठाएर पुरुषबिना एक्लै र विवाहबिना एक्लै सङ्घर्ष गर्न सकिन्छ भन्ने विचारबाट हारथाक खाएर थकित रजनी आफ्नो ब्वायफ्रेन्ड सरोज आफूतिर आएको दृश्यले खुसी र साहसको स्वास फेरेको घटनाबाट कथावस्तु अन्त्य गरेको हुँदा रजनीको विद्रोहपनले अलिक समर्पण गरेको जस्तो देखिए पनि रजनीजस्ती पढेलेखेकी नारीलाई पनि पितृसत्ताले कसरी एक्लो, पीडित र दास बनाउन खोच्छ भन्ने देखाएको छ । यी साक्ष्यका आधारमा यस उपन्यासमा नारी विद्रोहको कलात्मक उठान गरी नारीको स्वअस्तित्त्वको कुरालाई दरिलो रूपमा उठान गरी नारीवादी चिन्तन प्रस्तुत गरिएको छ ।

## निष्कर्ष

साहित्यका विविध विधामा कलम चलाएकी अन्जु न्यौपाने विषेश गरी आख्यान विधामा सशक्त कलम चलाएकी नारी लेखक हुन् । मोड र लुकेको वासना दुई अलग अलग तर भिन्न विषवस्तुलाई मूल कथ्य बनाई लेखिएका सशक्त उपन्यास हुन् । लुकेको वासना भिन्न खालको विषयलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो जसको विषयवस्तुमा स्थुलमा यौन देखिए पनि सूक्ष्मरूपमा पितृसत्ताको विरोध गरी बहुआयामिक विद्रोहको स्वर ओकलिएको छ । नेपाली समाज, धर्मकर्म, मूल्यमान्यता, परम्परा र राजनीतिक यथास्थितिको वर्तमान मान्यताप्रति

व्यङ्ग्य र विद्रोहको आवाज उठाइएको उपन्यास हो । यस उपन्यासमा नारीवादी चिन्तन बोकेकी रजनी एक वर्तमान समयकी प्रतिनिधि वा वर्गीय पात्र हुन् । नेपाली समाजमा सानै उमेरमा विवाह गरिदिने चलन अझैं छ । आफ्नो इच्छाले नभएर बाबुआमाको इच्छाले विवाह गर्ने चलन पनि विद्यमान छ । महिलालाई भोग्याको रूपमा मात्र हेर्ने, महिलाले चाहे केही नहुने तर पुरुषले चाहे सबै हुनेजस्ता नेपाली पुरुषवादी मान्यताको विरोध गर्नु पर्दछ भन्ने विषयलाई कलात्मक उठान गरिएको छ । यस उपन्यासमा रजनीका माध्यमबाट उपन्यासकारले यी मान्यताप्रति विदोहको आवाज उठाएकी छिन् । उपन्यासकार अन्जु न्यौपानेले यसका विरुद्धमा रजनीका मध्यमबाट आफ्नो नारीवादी चिन्तन यसरी उल्लेख गरेकी छिन् 'यदि कुनै महिलाले विवाह नगरी एक्लै बस्न चाहेमा बस्न नपाउने ? यदि कुनै सक्षम महिलाले विवाह नगरी बच्चा जन्माउन र पुरुषबिना नै बच्चा हुर्काउन सक्छु भन्ने मान्छे भने त्यसलाई किन नस्वीकार्ने' ( न्यौपाने, २०७८ पृ. ३७०) । महिलाले विवाह गर्दैन भन्न पाउनुपर्छ । 'विवाह भनेको पुरुषको दास बन्नु हो । माया गर्नेसँग विवाह नगरी सँगै बस्न, बच्चा जन्माउन सक्षम महिलाले नपाउने भन्ने हुन्छ ? बिहे भनेको समाज र कानुनले छुट दिएको वेस्यावृत्ति हो' (न्यौपाने,२०७८ पृ.७९०) । रजनीका माध्यमबाट उपन्यासकारले विवाहप्रति नयाँ र प्रगतिशील विचार प्रस्तुत गरेकी छन् । रम्बिकाजस्ती मानसिक रोगी बन्न विवश, मायाजस्ती भर्खर फुलेकी फूल फक्रन नपाउँदै सामाजिक संस्कार र पृत्तिसत्ताको सिकार हुन पुगेकी, अन्जलीजस्ती आफ्नो इच्छानुसार मनको वासना तृप्त गर्दा सामाजिक सिकार हुनु परेको घटनाको विरुद्ध रजनीको क्रान्तिकारी विचार र नेपाली समाजभन्दा भिन्न सोँच राखेर उनीहरूको सहयोग गर्नु पितृसत्ताप्रतिको एउटा विद्रोह नै हो । यस उपन्यासमा माया, अन्जली, रम्बिका, सरोजजस्ता पात्रबाट नयाँ विचार र विद्रोह जागृत गर्ने गराउने चेष्टा गरिएको छ । अन्जली व्यक्तिगत सुखलाई त्यागेर अस्ट्रेलियाबाट छोडेर नेपाल आएर सामाजिक, धार्मिक, राजनीतिक, परम्परागत मान्यताको विरुद्धमा लदेर आफ्नो बालसखा एवम् आफ्नै बुवाआमाको यी सबै कुरा छोडेर छिटो विवाह गर्नु पर्छ; मान्छेले कुरा काट्ने काम गरे भन्दा पनि ती कुराको प्रवाह नै नगरी रजनी निरन्तर आफ्नो मिसनमा अडिग भएर अगाडि बढेको कुरा यस उपन्यासको मूल कथ्यको रूपमा आएको छ । लेखकले आफ्नो विचार आफै पात्रका माध्यमबाट व्यक्त गर्न असहज नमानेर यथार्थ कुरा भूमिकामा उल्लेख गर्नु पर्ने तर विषयप्रवेश शीर्षकीकरण गरेर अरूको कथा लेखिएको भन्ने उक्तिले लेखक स्वयम् उपन्यासको रजनी पढ्दै गर्दा नेपाली वर्तमान चिन्तनमा भिन्न विचार राखेकै कारण रजनी स्वयम् लेखकमा आरोपित गर्छन् कि भन्ने त्रासले सुरु मै अर्काको कथा भनेर स्पष्टीकरण दिएक हो कि ? यदि लेखकले यो नगरेको भए नेपाली उपन्यासमा नारीले लेखेको यस खालको क्रान्तिकारी पहिलो उपन्यास हुने थियो कि ? शारदा शर्माको समानान्तर आकाशभन्दा उच्च वैचारिक उपन्यास हुने थियो कि ? यसर्थ उपन्यासकारले फरक विषयवस्तु अगाडि लिएर विषवस्तुमा क्रान्तिकारी वा विद्रोहीपन देखाउन खोजे पनि अरूको कथा लेखिएको स्वीकारोक्तिले विद्रोहको पहिलो गाससमा ढुङ्गा लागेर विद्रोहमा अपूर्णता उत्पन्न भई अपूरो विद्रोह देखिएको छ भन्ने आरोप समालोचकहरूले लगाए पनि प्रतीकात्मक रूपमा नेपाली समाजमा यस खालका कृति लेख्नका लागि पितृसत्तात्मक सोचले घाटी निमोठ्ने डरले लेखकसमेत सिकार हुन्छन् भन्ने चिन्तन प्रस्तुत गरी पितृसत्ताको घुमाउरो तरिकाले व्यङ्ग्य गर्दै त्यसको विरोधस्वरूप यो लेखनशैली अँगालेको हो । यसै गरी यस उपन्यासमा मायाको माध्यमबाट बुवाआमाको सानैमा विबाह गरिदिने सोँचका विरुद्धमा आवाज उठाउन नसके पनि घरमा असाध्यै दु:ख पाएपछि माइत आएर विद्रोह गरी पढेको र पछि घर फर्केर त्यसै पतिलाई पति माने पनि उसको त्याज्य स्वभावका कारण मास्टरसँग विबाह गरिएको कथा देखाएको छ ।

यसर्थ मायाले जुन विद्रोह गरेर घरको थिचोमिचो सहेर माइत बसेकी थिई त्यो बेला माइत बसेर पढेर सङ्घर्ष गरेर विद्रोह गरेको देखाएको छ । तर पनि मायाले अन्त्यमा आफ्नो पतिको थिचोमिचोप्रति विद्रोह गरेर मास्टरसँग विवाह गरेको देखाए पनि आखिर पुरुषकै सहयोग र भरोसाले मायाले अन्त्यमा अलिक सुख पाएको देखाएकाले उपन्यासकी मुख पात्र रजनीकानुसार विवाह गर्नै पर्ने, पुरुषबिना पनि महिलाले सजिलै जीवन धान्न सक्ने, विवाह भनेको पुरुषको दास बन्नु, आफ्नो स्वतन्त्रता हरण गर्नु हो भन्ने विचारमा ठेस पुगी मूल कथ्यमाथि नै असहजता महसुस हुँदा विद्रोह भाव अपूरो भएको आभास हुन्छ । यसै गरी रम्बिका र अन्जलीको विद्रोह जुन सशक्त हुनु पर्ने हो त्यसो नभएर समर्पणवादी, असाहय र निर्वल विद्रोहात्मक भूमिका देखाइएको छ । यी सामान्य घटनागत तारतम्य नमिले पनि समग्र कथ्य नारीवादी चिन्तनले भरिएको छ नै । खासमा रजनी उपन्यासको मुख्य पात्र वा नायिका तथा मुख पात्र भएकाले रजनीको जुन विचार छ त्यो विद्रोही र क्रान्तिकारी छ । विवाह भनेको पुरुषको दास बन्नु हो, पुरुषबिना पनि एक्लै बाच्न सकिन्छ । नेपाली समाजले धर्म र पापको डर देखाएर महिलालाई असहाय बनाएको छ। यसर्थ यसका विरुद्धमा आवाज उठाउनु पर्छ। अस्ट्रेलियाजस्तो देश विकास भएको यी र यस खालको चिन्तन भिन्न व्यक्ति स्वतन्त्रता भएर हो भन्ने विचार रजनीको रहेको छ । यसर्थ घरबाट विवाह गर्न दबाब दिएर पनि पाँचवटा ब्वायफ्रेन्डसँग इच्छानुसार सम्बन्ध राख्ने परम्पराभिन्न विद्रोही विचार राखेर त्यसै विचारमा अडिग रहेकी र नेपाल आएर अरूले कुरा काटे पनि माया, रम्बिका, अन्जलीजस्ता पात्रलाई सहयोग गर्ने गरेको देखाएको छ । जुन आफैमा क्रान्तिकारी नै हो । तर पनि रजनी अन्तिम समयमा आएर माया, अन्जलीलाई पनि आफ्नो इच्छानुसार गर म केही भन्दिन भनेर जुन निराश भाव व्यक्त गरेकी छिन् त्यो आफैमा विद्रोह भित्रको अपूर्ण र हारेको मानसिकता हो भन्ने तर्क गरी पनि ती सबै पुरुष समाजको उपज हो भन्ने प्रतिकात्मकता झल्केको छ । त्योभन्दा अगाडि बढेर भन्नुपर्दा नेपाल आएर नेपाली परम्परावादी मूल्यमान्यताका विरुद्धमा आवाज उठाएर पुरुषबिना एक्लै र विवाहबिना एक्लै सङ्घर्ष गर्न सकिन्छ भन्ने विचारबाट हारथाक खाएर थकित रजनी आफ्नो ब्वायफ्रेन्ड सरोज आफूतिर आएको दृश्यले खुसी र साहसको स्वास फेरेको घटनाबाट कथावस्तु अन्त्य गरेको हुँदा रजनीको विद्रोहपनले अलिक समर्पण गरेको देखिएकाले

यस उपन्यास अपूरो विद्रोह भएको उपन्यास हो कि भन्ने अभिधार्थ अर्थ लगाउन पनि सकिन्छ । यी कारणले यस उपन्यासमा नारी विद्रोहको जुन सशक्तता हुनु पर्ने हो त्यसमा अलिक गासमा ढुङ्गा लागेको आभास भने अवश्य नै हुन्छ ।

यस उपन्यासको विषयवस्तु सशक्त, नौलो र कुतुहलयुक्त छ । पढ्दै जाँदा शृङ्गार भावले पाठक लट्ठिँदै गर्दा अकस्मात करुण भावले तपतप आँसु चुहिने गर्दछ । एक्कासी रजनीको दुई भाइबहिनीको कुराले देशप्रेमले छाती फुलेर वीर रस जागृत हुने र पुरुषले गरेको अन्याय, माया, रम्बिका र अन्जलीले पाएको पीडा देख्दा पीडकका विरुद्ध रौद्र रस जागृत भएर आउँछ । यसरी यस उपन्यासको विषयवस्तुको रखाइ ढाँचा रेखीय रहेको र पाठक मनमा विभिन्न रस जागृत गर्दै कौतुहलता जागृत गराउँदै पाठक मनलाई तृप्ति दिन सफल भए पनि मूल कथ्यमा जुन नयाँ र विद्रोही र क्रान्तिकारी विचार पस्कने जमर्को उपन्यासकारको देखिन्छ उक्त विषय उपन्यासको आरम्भ, प्रत्याशा, चरमोत्कर्षमा सार्थक देखिए पनि उपन्यासको विषयवस्तुको फलागममा आएर सशक्ततामा चिप्लिएर अपूरो विद्रोहपन देखिएको छ। समग्रमा अन्जु न्यौपानेको लुकेको वासना शीर्षक प्रतिकात्मक सार्थक देखिएको भए पनि मूल कथ्य वा विचार पक्ष जुन सशक्त छ सोअनुसार शीर्षक ओजिलो हुनबाट अलिक चुकेको देखिन्छ । किनकि वासनाले कामवासनातर्फ सङ्केत गरे पनि उपन्यासको मूल कथ्य नेपाली समाजमा व्याप्त परम्परागत रूढीग्रस्त चिन्तन, पितृसत्तात्मक सोँच, अवैज्ञानिक शैक्षिक चेतनाका विरुद्ध क्रान्तिकारी र विद्रोही चेत ओकल्नु रहेकाले शीर्षकले उपन्यासको मूल वैचारिक कथ्यलाई धान्न सकेको छैन । यद्यपि प्रस्तुत उपन्यास वैचारिक, देशप्रेम, महिला स्वतन्त्रता र विद्रोही भावनालाई मूल कथ्य बनाइएको क्थ्यको आरम्भ, चरमोत्कर्ष उत्कृष्ट भए पनि फलागममा अलिक वैचारिक तादाम्यतामा अपूर्णता भएको उत्कृष्ट उपन्यास हो । नेपाली समाज र विकसित देशको समाजमा फरक देखाउदै नेपाली समाजमा महिलामाथि गरिने शोषण र दमनको उजागर गर्दै विद्रोहका लागि आह्वान गरिएको यस उपन्यासमा रजनीले घरबाट जतिसुकै कर गरे पनि आफ्नो इच्छाबिना बुवाआमाको दबाबको विद्रोह गरेको घटना,पुरुषले बहु स्त्रीसग सम्बन्ध राख्दा पाप नहुने बरू मार्द कहलाउछ भने स्त्रीले पनि बहुपुरुषसग सम्बन्ध राख्न पाउनु पर्छ भन्ने मान्यता अगाडि सारिएको छ । रजनीले नारी बच्चा पाउने मेसिन होइन, विवाह भनेको पुरुषको दास बन्नु हो । नारीले इच्छा गर्छे भने विवाह नगरेर पनि बच्चा जन्माउन सकिन्छ । रजनी लिभिंग टुगेदर बसेकी छे किनकि ऊ आफैमा पढेलेखेकी र सक्षम नारी हो भन्ने कुरा देखाउनु नारी समानता र पुरुषवादी सोचप्रति विद्रो गर्नु हो । रजनी विवाह नगरी नेपाल फर्केर आफूजस्तै नारी र पुरुषको चपेटामा परेकी माया, पुरुष समाजको सिकार भएकी रम्बिका, श्रीमान् त्याज्य अन्जलीलाई आफ्नै बुवाआमा र समाजको विरोधका बाबजुत पनि रजनीले जुन सहयोग गरी उनीहरूलाई पुरुष सत्ताको विद्रोह गर्न प्रेरित गर्दै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर आफू पनि उक्त अभियानमा लागेको मूल कथानकले यस उपन्यासमा प्रयुक्त पात्र, परिवेश, मूल कथ्य तथा कथानक आदि सबै दृष्टिकोणले यस लुकेको वासना उपन्यास नारीवादी चिन्तन प्रस्तुत गरिएको गतिलो उपन्यास हो ।

यस उपन्यास नारीजातीय लेखक एलिजाबेथ ग्यस्केल, जर्ज एलिइटझैं पितृसत्ताको विरोध नगरिएको नभएर फेमिनिस्ट लेखाक बिन्स,ओलिभर स्किनरभन्दा फरक नारी चरणका लेखक क्याथरिन,डोरथी रिचार्ड्स, ए.एस.ब्याट, म्युरिएल ल्यार्क र डोरिस लेसिडजस्ता लेखकहरूले उठाएका विषय यस उपन्यासमा पाइन्छ ।रजनीको बहुपुरुषसँग सम्बन्ध राख्नु सामान्य कुरा हो,मायाले आफू भन्दा बुढो केटासँग विवाह गरिदिएपछि त्यसको विरोधमा अर्कोसँग विवाह गर्नु, राम्बिका विधवा भएपछि नेपाली समाज भिन्न अर्को केटासँग विबाह गर्नु,रजनीले नेपाल फर्केर विभिन्न संगठन खोलेर महिलालाई एकतृत गरी पितृसत्ताको विरोध गर्न एकजुट भएर अगाडि बध्नुजस्ता विषय यस उपन्यासमा नारीवादी चिन्तन प्रस्तुत भएको गतिलो प्रमाण हो । यस उपन्यास विशेष गारी यौन स्वतन्त्रता, महिलाको छुट्टै भाषा र सत्ता हुनुपर्छ भन्ने वकालत सशक्त रूपमा देखिएको छ । यसर्थ यस उपन्यास नारीवादी चरणको तेस्रो चरण ( feminine, feminist, female मध्ये female चरण जहाँ यौन स्वतन्त्रता, महिलाको छुट्टै सत्ता, भाषा हुन्छ र पितृसत्ताको विरोध गर्ने चिन्तन हुन्छ ; हो, त्यही चिन्तन प्रस्तुत उपन्यास लुकेको वासनामा सशक्त मात्रामा पाइने हुँदा यो उपन्यास female चरण वा गाइनोवादी नारीवादी सिद्धान्तको उच्च प्रयोग भएको उपन्यास हो । यस अनुसन्धानबाट यस उपन्यासमा विश्वपरिवेशको नारीवादी चिन्तनलाई नेपाली समाज, मूल्य र मान्यता एवम् यहाँको पुरुष र महिलासम्बन्धी चिन्तनसँग जोडेर घुलमिल गरी उच्च तरिकाले प्रस्तुत गरेको कुरा पट्ट लागिएको छ । नारी सक्षम भए पछि मात्र पुरुष चिन्तनको विरोध गर्न सकिन्छ । विद्रोह एक्लै भए पनि सुरु गरेपछि न्यायका पछाडि अरू स्वत: जोडिन्छन् । रजनीमा पढेकै कारण विदेश गएको र विवाह नगरेर पनि बस्न सकिन्छ भन्ने चेत पलाएको छ । विदेशबाट फर्केर नेपाली पीडित महिलाको साथ दिएर पितृसत्ताको विरोध गरी त्यसका विरुद्ध विद्रोह गर्न देखाइएको घटनाले सोवाल्टरको नारी सत्ता, भाषा, शैली र संरचना अलग हुन्छ भन्ने नारीवादी चिन्तनको यस उपन्यासमा सफल प्रयोग गरिएको र यस खालको यौन र नारी विद्रोह हालसम्म नेपाली लेखकका उपन्यासमा नभेटिएको तथ्यलाई निष्कर्षका रूपमा उल्लेख गरिएको छ । यसर्थ यस अध्ययनको औचित्य अझ सिद्ध हुन्छ ।

## कृतज्ञताज्ञापन

यस अनुसन्धानात्मक लेख लेख्नका लागि प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको लुकेको वासनाको लेखक, द्वितीय सामग्रीको रूपमा प्रयोग गरिएका सामग्रीका लेखक, मध्यपश्चिम विश्वविद्यालय ग्राजुएट स्कुल अफ ह्युमानिटिज एन्ड सोसल साइन्सेज डीन कार्यालय र मलाई यस

अनुसन्धनात्मक लेख लेख्नका लागि प्रोत्साहन गर्ने सम्पूर्णप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । साथै पुस्तकालयीय विधिबाट सामग्री सङ्कलन गर्दा सहयोग गर्ने विभिन्न पुस्तकालयका कर्मचारीप्रति पनि कृतज्ञ छु ।

## लेखक परिचय

खोपीराम वली क्षेत्री मध्यपश्चिम विश्वविद्यालय, वागेश्वरी बहुमुखी क्याम्पस कोहलपुर,  बाँकेमा प्राध्यापन गर्नुहुन्छ ।

## सन्दर्भसामग्री सूची

एटम, नेत्र. (२०६१). *समालोचनाको स्वरूप*. साझा प्रकाशन ।

ज्ञवाली, रामप्रसाद.(२०६३). *पाश्चात्य साहित्य सिद्धान्तको सरल व्याख्या*. हजुरको प्रकाशन ।

त्रिपाठी,वासुदेव.(२०४८).*पाश्चात्य समालोचनाको सैद्धान्तिक परम्परा*. साझा प्रकाशन ।

न्यौपाने, अन्जु.(२०७६).*मोड*.मन्जरी पब्लिकेसन ।

न्यौपाने, अन्जु. (२०७८).*लुकेको वासना*.मन्जरी पब्लिकेसन ।

प्रश्रित, मोदनाथ (२०६९), *दर्शन र दृष्टिकोण*. माइलस्टोन प्रकाशन तथा प्रसारण लि. ।

भट्टराई, रामप्रसाद (२०७६), *भाषिक अनुसन्धान विधि : परिचय र प्रयोग*. शुभकामना प्रकाशन ।

वली, खोपीराम.(२०८१).*कोहलपुरका प्रतिनिधि रचना*. कोहलपुर वाङ्मय प्रतिष्ठान ।

वैद्य, किरण. (२०७४).*हिमाली दर्शन*. साझा प्रकाशन ।

शर्मा, खगेन्द्रप्रसाद र शर्मा, मोहनराज. (२०५५).*नेपाली गद्य  र भाषासाहित्य*. राज अफसेट प्रेस ।

शर्मा, गोपीकृष्ण र दाहाल, रामप्रसाद. (२०५६).*एक भाषा अनेक साहित्य*. विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, तारानाथ. (२०५६). *नेपाली साहित्यको इतिहास*. अक्षर प्रकाशन ।

शर्मा, मोहनराज. (२०६६).*आधुनिक तथा उत्तरआधुनिक पाठकमैत्री समालोचना*. क्वेस्ट पब्लिकेसन ।